# सूचनाको हकसम्बन्धी त्रैमासिक विवरण

## साउन, २०७६

२०७६ वैशाख देखि २०७६ असारसम्म

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

**सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको त्रैमासिक विवरण**
**(२०७६ वैशाख देखि २०७६ असारसम्म)**

## १. आयोगको स्वरुप र प्रकृति

नेपालमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रबर्द्धन गर्नको लागि नेपालको संविधानको भाग २१, धारा २३८ मा संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरिएको छ। जस अनुसार आयोगमा प्रमुख आयुक्त र अन्य चारजना आयुक्तहरु रहनेछन्। प्रमुख आयुक्तले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अध्यक्ष भै काम गर्ने व्यवस्था छ। राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा प्रमुख आयुक्त र आयुक्तको नियुक्ति गर्ने प्रावधान छ। आयोगका प्रमुख आयुक्त र आयुक्तको पदावधी नियुक्तिको मितिले छ वर्षको हुनेछ। प्रमुख आयुक्त र आयुक्त ६५ वर्षको उमेरसम्म पदमा बहाल रहन सक्ने व्यवस्था रहेको छ।

संविधानको धारा २३९ ले सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्ने व्यवस्था छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीहरु

| | |
|---|---|
| माननीय प्रमुख आयुक्त | श्री नवीनकुमार घिमिरे |
| माननीय आयुक्त | डा. गणेशराज जोशी |
| माननीय आयुक्त | डा. सावित्री थापा गुरुङ |

आयोगको केन्द्रीय कार्यालय, टंगाल, काठमाडौंमा रहेको छ। आयोग अन्तर्गत देहायका सात वटा मातहतका कार्यालयहरु रहेका छन्।

| सि. नं. | मातहत कार्यालयको नाम | कार्यालयको फोन नं. | फ्याक्स नं. |
|---|---|---|---|
| १. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, ईटहरी | ०२५-५८६९७० | ०२५-५८५६०० |
| २. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवास | ०४४-५५०६८६ | ०४४-५५०५३१ |
| ३. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा | ०५७-५२१७४४ | ०५७-५२०३६९ |
| ४. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा | ०६१-५४०४५१ | ०६१-५४०४५२ |
| ५. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल | ०७१-४१९११९ | ०७१-४१९२१९ |

| | | | |
|---|---|---|---|
| | बुटवलको सम्पर्क कार्यालय, नेपालगन्ज | ०८१-५५०६२६, ०८१-५५०६२७ | ०८१-५५०४२६ |
| ६. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत | ०८३-५२१९६० | ०८३-५२३८८४ |
| ७. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुर | ०९९-५२४२६३ | ०९९-५२२७९५ |

## २. आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको भाग २१ को धारा २३९ बमोजिम "(१) कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानून बमोजिम अनुसन्धान गर्न वा गराउन सक्नेछ।

तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानूनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारीको हकमा यो उपधारा लागू हुने छैन।

(२) धारा १०१ बमोजिम महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्याय परिषदबाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐन बमोजिम कारबाही हुने व्यक्तिका हकमा निज पदमुक्त भइसकेपछि संघीय कानून बमोजिम अनुसन्धान गर्न वा गराउन सकिनेछ।

(३) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ।

(४) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकारक्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यक कारबाहीका लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउन सक्नेछ।

(५) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख आयुक्त, कुनै आयुक्त वा नेपाल सरकारको अधिकृत कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(६) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानून बमोजिम हुनेछ। त्यसैगरी संविधानको धारा २९३ मा संवैधानिक निकायको काम कारवाहीको अनुगमन संसदीय समितिबाट हुने व्यवस्था रहेको छ भने धारा २९४ मा आयोगको बार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष बुझाउने सम्बन्धी व्यवस्था रहेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगलाई अनुसन्धान गरी अभियोजन गर्ने कार्यको अतिरिक्त कानुनी राज्यको अवधारणा अनुरुप सुशासन कायम गर्न र सार्वजनिक सेवामा प्रभावकारिता ल्याउनका लागि आवश्यक हुने सुधारात्मक कार्यहरु गर्ने थप दायित्व समेत सुम्पेको छ। जस अन्तर्गत आयोगबाट निम्न कार्यहरु सम्पादित हुने गरेको छन्:

- विद्यमान ऐन, नियम वा प्रचलनमा त्रुटि भए सुधार गर्न सुझाव दिने
- अनुसन्धान तहकिकातको क्रममा न्यायिक हिरासतमा राख्ने र धरौटी वा जमानत लिई वा नलिई तारिखमा राख्ने वा छाड्ने।
- भ्रष्टाचारलाई रोकथाम गर्ने उद्देश्यले निरोधात्मक एवं प्रवर्द्धनात्मक कार्यहरु गर्ने।

- भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरुसँग समन्वय, आपसी सहयोग र सम्वन्ध सुदृढ गर्ने।
- आवश्यकतानुसार सम्वन्धित विषयको विशेषज्ञ वा विशिष्टीकृत सेवा प्राप्त गर्ने।

**२.१ आयोगको संस्थागत रणनीति (सन् २०१४-२०१९) अनुसार दूरदृष्टि,परिलक्ष्य, लक्ष्य तथा रणनीतिहरु देहाय अनुसार रहेको छ।**

**२.१.१ दूरदृष्टि:** नेपाललाई भ्रष्टाचारमुक्त मुलुकको रुपमा स्थापित गर्ने।

**२.१.२ परिलक्ष्य:** सार्वजनिक क्षेत्रमा रहेको भ्रष्टाचारको नियन्त्रणबाट कानूनको शासन र सुशासन अभिवृद्धि गर्ने।

**२.१.३ लक्ष्य:** सन् २०१९ सम्ममा सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचार सम्बन्धी क्रियाकलापहरुमा उल्लेख्य कमी आएको अनुभूति हुनेछ।

माथि उल्लेखित दूरदृष्टि, परिलक्ष्य तथा लक्ष्य प्राप्त गर्न निम्नानुसारका मुख्य र परिपूरक रणनीतिहरु राखिएका छन्।

**२.१.४ रणनीतिहरु**

- भ्रष्टाचार विरुद्धका नीति र कानूनहरुको कार्यान्वयनमा जोड दिने।
- भ्रष्टाचार नियन्त्रणको लागि निरोधात्मक कार्यहरु गर्ने।
- भ्रष्टाचार विरुद्ध जनचेतना अभिबृद्धि गर्न प्रबर्द्धनात्मक कार्यहरु गर्ने।

**२.१.५ परिपूरक रणनीतिहरु**

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षमता अभिवृद्धि गर्ने।
- भ्रष्ट्राचार नियन्त्रणमा संलग्न बिभिन्न निकायवीच समन्वय प्रभावकारी बनाउने।
- क्षेत्रीय र अन्तर्राष्ट्रिय सम्बन्ध स्थापित गरी विस्तार गर्ने।

आयोगको आगामी ५ वर्ष (२०७६/७७-२०८१/८२) का लागि संस्थागत रणनीतिको मस्यौदा तयार भई निर्णयको प्रकृयामा रहेको छ।

## ३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवमा नेपाल सरकारका राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ। आयोगको केन्द्रमा बाह्रवटा महाशाखाहरु सहित ४९५ जनाको दरबन्दी रहेको छ। त्यसैगरी मातहत ७ वटा आयोगको कार्यालयहरु र १ सम्पर्क कार्यालयमा (बुटवलको सम्पर्क कार्यालय, नेपालगन्ज) ४२१ जनाको दरबन्दी गरी आयोगअन्तर्गत कुल ९१६ जना कर्मचारी दरवन्दी रहेको छ। आयोगको संगठन तालिका अनुसूचि -१ मा संलग्न छ।

| श्रेणी/कार्यालय | टंगाल | इटहरी | बर्दिवास | हेटौडां | पोखरा | बुटवल | नेपालगंज | सुर्खेत | कंचनपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| विशिष्ट | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| रा.प.प्रथम | १३ | १ | १ | १ | १ | १ | ० | १ | १ | २० |
| रा.प. द्वितिय | ५८ | ४ | ४ | ४ | ४ | ४ | १ | ४ | ४ | ८७ |
| रा.प.तृतिय | ९८ | १४ | १४ | १४ | १४ | १२ | ४ | १४ | १४ | १९८ |
| रा.प.अनं.प्रथम | ११८ | १५ | १५ | १५ | १५ | १३ | ८ | १५ | १५ | २२९ |
| रा.प.अनं. द्वितिय | २५ | २ | २ | २ | २ | २ | १ | २ | २ | ४० |
| रा.प.अनं.तृतिय | २५ | ४ | ४ | ४ | ४ | ३ | २ | ४ | ४ | ५४ |
| रा.प.अनं.चतुर्थ | ६२ | ७ | ७ | ७ | ७ | ६ | ४ | ७ | ७ | ११४ |
| श्रेणी विहिन | ९५ | १० | १० | १० | १० | १० | ८ | १० | १० | १७३ |
| जम्मा | **४९५** | **५७** | **५७** | **५७** | **५७** | **५१** | **२८** | **५७** | **५७** | **९१६** |

## ४. आयोगबाट प्रदान गरिने सेवा

नेपालको संविधानमा सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्तिहरु उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने वा गराउन सक्ने व्यवस्था गरिएको छ। यसैगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम भ्रष्टाचारको सम्बन्धमा कसैको उजूरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारीको आधारमा आयोगले अनुसन्धान र तहकिकात गर्न वा अन्य कारवाही चलाउन सक्ने व्यवस्था गरिएको छ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता भएका भ्रष्टाचारसम्वन्धी विभिन्न उजुरीहरुलाई मन्त्रालयगत/निकायगत रुपमा वर्गिकरण गरी तोकिएका अनुसन्धान महाशाखा र आयोगको कार्यालयहरुबाट समेत उजुरीहरुको प्रारम्भिक छानविन तथा आवश्यकता अनुसार विस्तृत अनुसन्धान हुने।

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

आयोगबाट प्रदान गरिने सेवामा कुनै दस्तुर नलाग्ने। नेपाली नागरिकले सूचनाको हक अन्तर्गत सूचना माग्न आएमा दश पेजसम्मको सूचना निःशुल्क प्राप्त हुने र सो भन्दा माथि भएमा प्रति पेज रु. ५/- दस्तुर लाग्ने, सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधी लाग्ने।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

### क. प्रकृया

- आयोगमा प्राप्त सबै उजुरीहरु दर्ता पश्चात: स्क्रिनिङ्ग कमिटीमा उजुरीको सम्बन्धमा छलफल भै अनुसन्धान गर्नु पर्ने उजुरीहरु सम्बन्धित महाशाखा, आयोगका कार्यालयहरु वा नेपाल सरकारका अन्य उपयुक्त कार्यालय वा पदाधिकारीहरुमा लेखी पठाउन र तामेलीमा राख्ने उजुरीहरु तामेलीमा राखि लगत कट्टा गर्न सिफारिश भएका आधारमा आयोगबाट निर्णय हुने।
- स्क्रिनिङ्ग कमिटी, महाशाखा वा मातहतका कार्यालयहरुको सिफारिसमा प्रारम्भिक छानविन वा विस्तृत अनुसन्धान गर्ने गरी आयोगबाट निर्णय हुने।

- अनुसन्धान अधिकृतको सिफारिसको आधारमा सम्मानित विशेष अदालतमा मुद्दा दायर गर्ने सम्बन्धमा आयोगबाट निर्णय हुने।

**ख. निर्णय गर्ने अधिकारी**

सूचनासँग सम्बन्धित विषयको प्रकृति अनुसार आयोगका सचिव एवं आयोग।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सचिव श्री महेश्वर न्यौपाने

## ९. सम्पादन गरेको कामको विवरण: प्राप्त उजुरी, फछर्यौंट र बाँकीको अवस्था

| गत आ.ब. को अ.ल्या. | आ.ब. २०७५।७६ श्रावण देखि असार सम्मको उजुरी | आ.ब. २०७५।७६ असार मसान्त सम्मको जम्मा उजुरी | फछर्यौंट | | | | | जम्मा फछर्यौंट | फछर्यौंट हुन बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | विस्तृत अनुसन्धान | आयोग बाट तामेली | आयोगको कार्यालयहरुमा प्रेषित | कारवाहीको लागि अन्य कार्यालयमा लेखि पठाएको | अन्य उजुरीमा गाभिएको | | |
| ७,०८८ | १६,९९७ | २४,०८५ | ८८४ | ६,६३३ | २,१८० | ३,९५६ | १,८७३ | १५,५२६ | ८,५५९ |

### ९.१ भ्रष्टाचार नियन्त्रणका लागि निरोधात्मक र प्रबर्द्धनात्मक रणनीति साथै दण्डात्मक कार्यहरु:

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधिको सम्बन्धमा छुट्टै व्यवस्था गरी आयोगलाई भ्रष्टाचार नियन्त्रणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक र दण्डात्मक कार्य गर्ने जिम्मेवारी प्रदान गरेको छ। त्यसैगरी भ्रष्टाचार नियन्त्रणका लागि प्रबर्द्धनात्मक तथा निरोधात्मक कार्य सम्बन्धी अवधारणा पत्र २०७४ लागू गरिएको छ।

### ९.१.१ भ्रष्टाचार नियन्त्रणमा आयोगबाट भएको दण्डात्मक कार्यको विवरण:-

**क.**आ.व. ०७५/७६ मा आयोगबाट ३५१ वटा मुद्दा दर्ता गर्ने निर्णय भई विशेष अदालतमा मुद्दा दर्ता गरिएको र गत आ.व. मा आयोगबाट मुद्दा दर्ता गर्ने निर्णय भई समयाभावले उक्त आ.व. मा दर्ता हुन नसकेका ६ वटा मुद्दा समेत यसै आ.व. मा विशेष अदालतमा दायर गरिएको छ। २०७६ वैशाख देखि असार मसान्त सम्म जम्मा १२१ वटा मुद्दामा ३४३ जनालाई प्रतिवादी बनाई सम्मानित विशेष अदालतमा मुद्दा दायर गरी ४८ करोड ९४ लाख ४१ हजार ९ सय ३ रुपैयाँ ९९ पैसा विगो माग दावी गरिएको छ।

**सम्मानित विशेष अदालतमा दायर मुद्दको आर्थिक वर्ष २०७५/०७६ को मासिक विवरण**

| सी.नं. | मुद्दाको किसिम (आरोप-पत्र) | महिना | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | साउन | भदौ | असोज | कातिक | मङ्सिर | पुस | माघ | फागुन | चैत | वैशाख | जेठ | असार | |
| १. | गैरकानूनी सम्पत्ति | ० | ० | १ | १ | ० | २ | १ | १ | १ | १ | १ | २ | ११ |
| २. | आर्थिक हिनामिना | ३ | २ | १ | ५ | ४ | ८ | ८ | ९ | १० | ३ | १७ | १३ | ८३ |
| ३. | झूठ्ठा शैक्षिक प्रमाण-पत्र | ६ | १० | ८ | ७ | ५ | ० | ६ | १३ | ९ | ११ | १० | २ | ८७ |
| ४. | रंगेहात आरोप-पत्र | १२ | १२ | १५ | ८ | ९ | ५ | १० | ११ | १ | ११ | ११ | | १४४ |



भ्रष्टाचार दुरुपयोग अनुसन्धान आयोग २०४७

| ५. | अन्य आरोप-पत्र | ३ | २ | ३ | २ | १ | २ | ० | २ | १ | ३ | ४ | ३ | २६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा आरोप-पत्र | | २४ | २६ | २८ | २३ | १९ | १७ | २५ | ३६ | ३२ | २१ | ४३ | ४९ | ३५१ |
| रंगेहात नियन्त्रण | | १६ | १२ | १३ | ६ | ४ | ११ | ९ | ९ | १३ | १३ | १६ | २० | १४२ |

* नोट: गत आर्थिक वर्षको ६ बटा मुद्दासमेत गरी जम्मा मुद्दा ३५७

गत आ.ब. २०७५/७६ बैशाख देखि असारसम्म सम्मानित विशेष अदालतमा दायर भएका मुद्दाको विवरण अनुसूचि २ मा राखिएको छ।

## ख. घुस/रिसवतमा रंगेहात नियन्त्रण कारबाहीमा प्राप्त सफलता र पछिल्लो अवस्था

आ.व. २०७५/७६ मा घुस रिसवतका कूल १४२ वटा कारबाहीमा जम्मा २०० जनालाई नियन्त्रणमा लिईएको छ । २०७६ वैशाख देखि असार मसान्तसम्म घुस रिसवतमा रंगेहात नियन्त्रणका जम्मा ४९ वटा कारबाही भई रु. ४८,४७,०००।– घुस रिसवत रकम सहित ६७ जना ब्यक्तिहरु नियन्त्रणमा लिईएको छ। घुस रिसवतको रंगेहात नियन्त्रणमा लिने कारबाहीका क्रममा अधिकतम रु. ८ लाखदेखि न्यूनतम रु. २ हजार रिसवत लिइरहेकाहरु रंगेहात नियन्त्रणमा लिइएको र १५ वटा कारबाहीबाट रु. १ लाखभन्दा बढी घुस रिसवत लिने २५ जनालाई नियन्त्रणमा लिइएको थियो । घुस रिसवतमा रंगेहात नियन्त्रणमा लिने कारबाहीको दर्जागत विवरण र निकायगत विवरण तल तालिकामा दिइएको छ।

**रङ्गेहात कारबाहीको दर्जागत विवरण**

| क्र.सं. | पद/श्रेणी | कारबाहीमा परेका व्यक्तिको संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | जम्मा | प्रशासन | प्राविधिक | प्रहरी | शिक्षक |
| १. | विशिष्ठ श्रेणी | २ | २ | | | |
| २. | सहसचिव वा सो सरह | २ | १ | १ | | |
| ३. | उपसचिव वा सो सरह | १० | २ | ७ | १ | |
| ४. | शाखा अधिकृत वा सो सरह | ३२ | ११ | १८ | ३ | |
| ५. | नायब सुब्बा वा सो सरह | ४७ | २३ | २१ | ३ | |
| ६. | खरिदार वा सो सरह | २९ | १३ | ८ | ६ | २ |
| ७. | जुनियर कर्मचारी | १५ | | ८ | ७ | |
| ८. | कार्यालय सहयोगी वा सो सरह | २४ | ११ | | १३ | |
| | राष्ट्रसेवक कर्मचारी जम्मा | १६० | ६२ | ५३ | ३३ | २ |
| ९. | निर्वाचित/मनोनित पदाधिकारी | ७ | | | | |
| १०. | बिचौलिया लगायत अन्य व्यक्ति | ३२ | | | | |
| | कुल जम्मा | २०० | | | | |

**रङ्गेहात कारबाहीको निकायगत विवरण**

| क्र.सं. | निकाय/क्षेत्र | रङ्गेहात कारबाहीको संख्या |
|---|---|---|
| १. | गृह प्रशासन | २७ |
| २. | संघीय मामिला | २६ |
| ३. | भूमि व्यवस्था | २२ |
| ४. | वन वातावरण | ११ |
| ५. | भौतिक पूर्वाधार तथा यातायात | ७ |
| ६. | शिक्षा विज्ञान प्रविधि | ८ |
| ७. | उर्जा जलश्रोत सिचाई | ९ |
| ८. | कानून न्याय | ७ |



अख्तियार दुरुपयोग अनुसन्धान आयोग
२०४७

| | | |
|---|---|---|
| ९. | अर्थ | ५ |
| १०. | उद्योग वाणिज्य आपूर्ति | ४ |
| ११. | कृषि | ३ |
| १२. | स्वास्थ्य | ३ |
| १३. | श्रम | २ |
| १४. | अ.दु.अ.आ. | १ |
| १५. | शहरी विकास | १ |
| १६. | खानेपानी | १ |
| १७. | अन्य | ५ |
| | जम्मा | १४२ |

यस त्रैमासमा घुस रिसवतमा रंगेहात पक्राउ पर्नेहरुको विवरण अनुसूचि ३ मा राखिएको छ।

**ग. गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको उजुरीमा छानविनको अवस्था**

२०७५/७६ आर्थिक वर्षको वैशाख देखि असार मसान्तसम्ममा सार्वजनिक पद धारण गरेका व्यक्तिले गैरकानूनीरुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको उजुरी छानविन गर्दा सम्पत्ति विवरण अमिल्दो तथा अस्वभाविक देखिई विस्तृत अनुसन्धान गरी ५ जनालाई १० करोड ७४ लाख १० हजार ३०० रुपैयाँ ८० पैसा विगो मागदावी गरी विशेष अदालतमा मुद्दा दायर गरिएको छ।

## ९.१.२ निरोधात्मक रणनीति

निरोधात्मक रणनीति अन्तर्गत आयोगले भ्रष्टाचारको जोखिमपूर्ण क्षेत्र तथा विद्यमान पद्धतिका कमजोरी र भ्रष्टाचारका प्रमुख कारणहरुको पहिचानमा जोड दिएको छ । भ्रष्टाचार न्यूनीकरण र निरोधका लागि सार्वजनिक निकायले अपनाउनुपर्ने उपायहरुका बारेमा नीतिगत सुझाव दिने साथै भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न निकायहरुबाट सम्पादन हुने क्रियाकलापहरुबीच समन्वय एवं तिनको अनुगमन जस्ता कार्यहरु निरन्तर गर्दै आएको छ ।

आयोगकै पहलस्वरुप सार्वजनिक निकायमा आचारसंहिता तर्जुमा गरी लागू गराउने प्रयत्न भएको छ । विभिन्न मन्त्रालय र केन्द्रीय निकायहरुमा गठित सम्पर्क विन्दु (Focal Point) मार्फत आचार संहिताको नियमित अनुगमन गर्ने कार्यको प्रारम्भ भएको छ ।

स्थलगत रुपमै विभिन्न अनुसन्धान टोलीहरु परिचालन गरी भ्रष्टाचार विरुद्धको छानविनलाई परिणाममुखी तुल्याउने विषयमा पनि आयोग सक्रिय रहँदै आएको छ । यसका लागि क्षेत्रीय र सम्पर्क कार्यालयहरुलाई विशेष रुपमा परिचालित गरिएको छ । सार्वजनिक निकायहरुमा कार्य संचालन कार्यविधि (Standard Operational Procedures) तयार गर्न लगाउने र कार्यसम्पादन दिग्दर्शन, कार्यविधि वा विनियम बनाई कार्यसम्पादनलाई सरलीकरण गर्न लगाउने विषयमा पनि आयोगले सुझावहरु दिंदै आएको छ ।

नागरिक सेवा प्रवाह तथा सार्वजनिक सरोकारका विषयमा सार्वजनिक निकाय र पदाधिकारीहरुबाट सम्पादित कार्यको प्रभावकारिताका लागि सम्वद्ध निकायका जिम्मेवार पदाधिकारीहरुसँग अन्तर्क्रिया/बैठकहरु आयोजना गरिएका छन । आयोगका माननीय प्रमुख आयुक्त र माननीय आयुक्तहरुको समुपस्थितिमा विभिन्न निकायहरुबाट प्रवाहित सेवाको अवस्था, समस्या तथा चुनौतीहरु एवं समाधानका

उपायहरुबारे छलफल गरी सहजीकरण र समन्वय जस्ता पक्षमा सुधार भई सेवाप्रवाहमा प्रभावकारिता ल्याउन सहयोग पुगेको छ।

### ९.१.३ प्रवर्द्धनात्मक रणनीति

प्रवर्द्धनात्मक रणनीति अन्तर्गत भ्रष्टाचार नियन्त्रणसम्बन्धी अन्तरक्रिया, छलफल र गोष्ठी तथा सामुदायिक शिक्षासम्वन्धी कार्यक्रमहरु संचालन गरिएको छ। भ्रष्टाचार नियन्त्रणमा आयोगको भूमिका समेटिएको डकुमेन्ट्री तयार गर्ने, पत्रपत्रिका तथा एफ.एम. रेडियो समेतबाट सन्देशमूलक सूचनाहरु प्रकाशन र प्रसारण गर्ने, ब्रोसर एवम् पोष्टर र पम्प्लेट जस्ता सामाग्रीको छपाइ तथा वितरण गर्ने र नियमित रुपमा भ्रष्टाचारविरुद्धका महत्वपूर्ण लेख रचनाहरु समावेश भएका पुस्तिकाहरु प्रकाशन गर्ने कार्य हुँदै आएका छन्।

नेपाल टेलिभिजनसंगको सहकार्यमा ***सुशासन सवाल*** नामको साप्ताहिक टेलिभिजन कार्यक्रम आगामी ***हरेक मंगलवार साँझ ७:२५*** मा संचालन गर्ने तयारी गरिएको छ।

आयोगले भ्रष्टाचारविरुद्ध निष्पक्ष र उत्कृष्ट समाचार सम्प्रेषण गर्ने संचार माध्यमका अतिरिक्त अन्य विभिन्न माध्यमबाट भ्रष्टाचार नियन्त्रणको अभियानमा सहयोग पुऱ्याउने विशष्ट व्यक्तिहरुलाई पुरस्कृत र सम्मान गर्ने नीति कार्यान्वयन गर्दै आएको छ। यसका अतिरिक्त भ्रष्टाचार विरुद्धका राष्ट्रिय र अन्तर्राष्ट्रिय दिवसहरुलाई आयोगले उल्लास र विशेष भव्यताका साथ सम्पन्न गर्ने अभ्यासको थालनी गरेको छ।

### ९.१.४ आयोगबाट भएका कार्यहरु

आर्थिक बर्ष २०७५/०७६ को २०७६ वैशाख देखि असारसम्म आयोगबाट भएका कार्यहरु निम्न अनुसार छन्।

#### (क) तालिम कार्यक्रम सम्पन्न

<u>अनुसन्धान अधिकृतहरुको लागि अभिमुखीकरण तालिम</u>

आयोगमा सरुवा भई आउनु भएका नवआागन्तुक अनुसन्धान अधिकृतहरुलाई लक्षित गरी आयोगको केन्द्रीय कार्यलय टंगालमा भ्रष्टाचारको अनुसन्धानसम्बन्धी दुई वटा अभिमुखीकरण तालिम सम्पन्न भएको छ। यस पटकको दुईटा तालिममा आयोगको केन्द्रीय कार्यालय र मातहतका कार्यालय गरी जम्मा ७८ जना अनुसन्धान अधिकृतहरुको सहभागिता रहेको थियो । कार्यक्रममा शाखा अधिकृतदेखि सहसचिवसम्म र प्रहरी निरीक्षकदेखि प्रहरी वरिष्ठ उपरीक्षकसम्मका अधिकृतहरूको सहभागिता रहेको थियो।

विशिष्ट कार्यप्रकृति, आयोगको मूल्य, मान्यता, छवि र संस्कृतिलाई सम्मान गर्न आयोगको आचारसंहिता, आयोगको कार्य संस्कृति, आयोगसम्बद्ध सबै न्यूनतम कुराहरुको जानकारी दिन र विशेष गरी अनुसन्धान र अभियोजनसम्बन्धी आधारभूत जानकारी दिन तालिम आयोजना गरिएको थियो । अनुसन्धान र अभियोजन आयोगको मुख्य काममध्ये भएको र दुवै कामको संवेदनशीलतालाई मध्यनजर गरेर विशेष तालिमको आवश्यकताको पहिचान गरी आयोगले अभिमुखीकरण तालिम प्रदान गर्दै आएको छ। तालिममा सहसचिव, सहन्यायाधिवक्ता, प्रहरी नायब महानिरीक्षकदेखि लिएर अन्य विशिष्ट श्रोत व्यक्तिहरुले अनुसन्धान र अभियोजनसम्बन्धी विविध पक्षबारे प्रशिक्षण दिनु भएको थियो।

जग्गा प्रशासन तथा भूमि व्यवस्थापनसम्बन्धी अनुसन्धान तालिम

सार्वजनिक जग्गा प्रशासनसम्बन्धी अनुसन्धानको लागि ज्ञान, सिप र अनुभव आदानप्रदान गर्न आयोगको केन्द्रीय कार्यालयका १६ र मातहतका कार्यालयहरुमा कार्यरत १२ जना गरी कुल २८ जना अनुसन्धान अधिकृतहरुको सहभागिता भएको जग्गा प्रशासन तथा भूमि व्यवस्थापनसम्बन्धी तालिम आयोगको कार्यालय टंगालमा सम्पन्न भयो।

भूमिसम्बन्धी उजुरीको फछर्यौटमा तिव्रता ल्याउने, भूमिप्रशासनमा हुने अनियमितता र भ्रष्टाचारको अनुसन्धान निष्पक्ष ढंगले सम्पादन गर्ने र आयोगमा भूमिप्रशासन सम्बन्धी अनुसन्धानमा दक्षता भएका अनुसन्धान अधिकृतहरुको संख्या र गुण दुवैमा सुधार ल्याउने हेतुले संचालित उक्त तालिममा भूमिप्रशासनसम्बन्धी परिचयात्मक सत्रदेखि लिएर कित्ता नापीको नक्शा र प्राविधिक शब्दावली सम्बन्धी जानकारी, नेपालमा कित्ता नापीको पद्धति र नक्शा अद्यावधिक, पुनः नापी र हालसाबिक, जग्गा प्रशासन, नेपालमा भूमि व्यवस्था, जग्गा प्रशासनमा अर्धन्यायिक क्षेत्राधिकार र राजश्व असुली, सरकारी सार्वजनिक जग्गाको संरक्षण र जग्गा प्रशासनमा किर्ते, भूमिसुधार तथा हदबन्दी, जग्गा विकास र भूमि व्यवस्थापन, गुठी जग्गाको लगत तथा गुठी व्यवस्थापन, भूअभिलेख संरक्षण तथा व्यवस्थापन लगायतका विषयमा सत्र सञ्चालन भएको थियो।

सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी एसिया प्यासिफिक समूहको कार्यशाला तालिम

सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी एसिया प्यासिफिक समूहले नेपाललाई प्रदान गर्दै आएको प्राविधिक सहायता कार्यक्रमको सिलसिलामा आफ्नो दाश्रो प्रशिक्षात्मक भ्रमणको क्रममा नेपाल आउँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालमा दुईदिनको पहिलो सत्रको कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा आयोगका कर्मचारीका साथै सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग एवम् नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाईका प्रतिनिधिहरु र सम्पत्ति शुद्धीकरण सम्बन्धी एसिया प्यासिफिक समूहका विज्ञ/प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

यसका साथै, एसियाप्यासिफिक समूहले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाइ र अन्य सरोकारवाला निकाय/वित्तीय संस्थाका समेत प्रतिनिधिहरुलाई काठमाडौंको हयात होटलमा सम्पत्ति शुद्धीकरण निवारण र आतंकवादमा लगानी विरुद्ध कार्यरत अन्तर्राष्ट्रिय संस्था Financial Action Task Force ले सन् २०२० को अन्त्यमा नेपालमा सम्पत्ति निवारण र आतंकवादमा लगानी विरुद्ध भएका कानूनी प्रावधान र यी कानूनहरुको कार्यान्वयनमा भएको प्रगतिउपर गर्न लागेको परस्पर मूल्याङ्कन (Mutual Evaluation) सम्बन्धमा वर्कशप समेत संचालन गरेको थियो।

**(ख) अन्तर्क्रिया कार्यक्रम सम्पन्न**

आयोग र मातहतका कार्यालयहरुबाट भ्रष्टाचार विरुद्ध निरोधात्मक एवम् प्रवर्द्धनात्मक कार्य अन्तर्गत आयोजना गरिएका कार्यक्रमहरुको विवरण निम्नानुसार छ।

भ्रष्टाचार विरुद्ध निरोधात्मक एवम् प्रवर्द्धनात्मक कार्यक्रमको विवरण

| क्र.सं. | कार्यक्रम मिति | कार्यक्रम | स्थान/जिल्ला | विशेष उपस्थिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७६/१/३ | भ्रष्टाचार नियन्त्रण र सुशासन विषयक अन्तर्क्रिया | जोरपाटी काठमाण्डौं | मा. आयुक्त डा. गणेशराज जोशी | |
| २ | २०७६ वैशाख ११, १२, | भ्रष्टाचार नियन्त्रण र | बाग्लुङ्ग म्याग्दी र | मा. आयुक्त डा. साबित्री | |

| | | | | | |
|---|---|---|---|---|---|
| | १३ | सुशासन विषयक अन्तर्क्रिया | मुस्ताङ | थापा गुरुङ | |
| ३ | २०७६/१/२३ | भ्रष्टाचार नियन्त्रण र सुशासन विषयक अन्तर्क्रिया | बुढानिलकण्ठ काठमाण्डौं | मा. आयुक्त डा. साबित्री थापा गुरुङ र श्रीमान् सचिवज्यू | |
| ४ | २०७६ वैशाख २७ | भ्रष्टाचार नियन्त्रण र सुशासन विषयक अन्तर्क्रिया | जनकपुर, धनुषा | मा. आयुक्त डा. गणेशराज जोशी | |
| ५ | २०७६ वैशाख ३० | भ्रष्टाचार विरुद्धको सहकार्य: सुशासनका लागि अपरिहार्य विषयक अन्तर्क्रिया | लमजुङ | श्रीमान् सचिव महेश्वर न्यौपानेज्यू | |
| ६ | २०७६ वैशाख ३१ | भ्रष्टाचार विरुद्धको सहकार्य: सुशासनका लागि अपरिहार्य विषयक अन्तर्क्रिया | मनाङ | श्रीमान् सचिव महेश्वर न्यौपानेज्यू | |
| ७ | २०७६ जेठ ५,६, ७ | भ्रष्टाचार नियन्त्रण र सुशासन विषयक अन्तर्क्रिया | मकवानपुर, बारा, पर्सा | मा. प्रमुख आयुक्त नवीनकुमार घिमिरे र श्रीमान् सचिवज्यू | |
| ८ | २०७६ असार १८ | भ्रष्टाचार नियन्त्रण र सुशासन विषयक अन्तर्क्रिया | इलाम | मा. आयुक्त डा. साबित्री थापा गुरुङ | |
| ९ | २०७६ असार २० | भ्रष्टाचार नियन्त्रण र सुशासन विषयक अन्तर्क्रिया | पाँचथर | मा. आयुक्त डा. साबित्री थापा गुरुङ | |
| १० | २०७६ असार २९ | भ्रष्टाचार नियन्त्रण र सुशासन विषयक अन्तर्क्रिया | नेपालगंज, बाँके | मा. आयुक्त डा. साबित्री थापा गुरुङ | |
| ११ | २०७६ असार ३० | भ्रष्टाचार नियन्त्रण र सुशासन विषयक अन्तर्क्रिया | घोराही, दाङ | मा. आयुक्त डा. साबित्री थापा गुरुङ | |

<u>माननीय प्रमुख आयुक्तको उपस्थितिमा मकवानपुर, बारा र पर्सामा अन्तरक्रिया कार्यक्रम</u>

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त नवीनकुमार घिमिरेज्यूको प्रमुख आतिथ्यता र आयोगका श्रीमान् सचिव महेश्वर न्यौपानेज्यूको अध्यक्षतामा २०७६ जेठ ५, ६ र ७ गते क्रमशः मकवानपुर, बारा र पर्सा जिल्लामा "भ्रष्टाचार नियन्त्रण र सुशासन" विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना भयो।

उक्त अवसरमा विभिन्न कार्यालयका प्रमुखहरु एवम् स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुले कार्यसम्पादनका क्रममा आईपरेका समस्या र चुनौतीहरु प्रस्तुत गर्नु भएको थियो। यस सम्बन्धमा मकवानपुर, बारा र पर्सा जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले जिल्लामा सार्वजनिक जग्गाको संरक्षण, सहज सेवा प्रवाह, अवैध ढुङ्गा गिट्टी बालुवाको उत्खनन् लगायत जिल्लामा सेवा प्रवाह र सार्वजनिक प्रशासनमा रहेका चुनौती एवम् सवालहरुको बारेमा अवगत गराउँदै जिल्लाको प्रमुख प्रशासकको नाताले कार्यसम्पादनमा आइपरेका समस्याहरु समन्वयात्मक ढंगबाट समाधान गरिने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो।

माननीय प्रमुख आयुक्तज्यूले कार्यालय प्रमुखहरुबाट उठान भएका विविध विषयहरुको सम्बोधन गर्दै स्थानीय तहमा सेवा प्रवाहमा समस्या रहेको, सार्वजनिक जग्गा व्यक्तिका नाममा कायम गरिएको, कर्मचारीले राजश्व सङ्कलन गरी व्यक्तिगत खातामा राखिएको, सेवा प्रवाह प्रक्रियामुखी भएको, घुस/रिसवत् माग गर्ने गरिएको भन्ने जनगुनासा बढी रहेको र यस्ता विषयमा आयोगले अनुसन्धान गरिरहेको हुनाले अनियमित एवम् भ्रष्टाचारजन्य कार्यहरु नगर्न, कानून, विधि र प्रक्रियाको पालना गर्दै पारदर्शीरुपले कार्य गर्न र सेवा प्रवाह जनमैत्री बनाउँदै गुणस्तरीय तवरले विकास निर्माणका कार्य गर्न तथा नैतिक एवम् इमान्दार बन्न कार्यालय प्रमुखहरुलाई निर्देशन दिनुभयो । वहाँले स्थानीय श्रोत साधनको अधिकतम् उपयोग गरी स्थानीय सरकारको संस्थागत विकास गर्ने दायित्व स्थानीय सरकार कै रहेको बताउनु भयो । जनप्रतिनिधिहरु र स्थानीय तहमा कार्यरत कर्मचारीहरुको व्यवहारमा जनताले सरकार खोज्ने भएकोले कस्तो संस्कार र प्रणाली स्थापित गर्ने हो, त्यो जिम्मेवारी स्थानीय तहकै भएको सुझाव दिनु भयो ।

कार्यक्रमको अध्यक्षता गर्नुभएका आयोगका श्रीमान् सचिव महेश्वर न्यौपानेज्यूले कार्यक्रममा उठेका जिज्ञासाहरुको सम्बोधन गर्दै स्थानीयतहका जनप्रतिनिधिहरुलाई संविधानमा उल्लेख भएका प्राबधानहरुको पूर्णरुपमा पालना गरी संघीय र प्रादेशिक सरकारसँग समन्वय गरी स्थानीय तह संचालन गर्न सुझाब दिनु भयो।

<u>माननीय आयुक्तको उपस्थितिमा गोकर्णेश्वर, कागेश्वरी मनोहरामा स्थानीय तहस्तरीय गोष्ठी</u>

आयोगका माननीय आयुक्त डा. गणेशराज जोशीको आतिथ्यतामा काठमाडौं जिल्लाको नारायणटार जोरपाटी स्थित छिमेकी पार्टी प्यालेसमा मिति २०७६/०१/०३ गते गोकर्णेश्वर र कागेश्वरी मनोहरा नगरपालिका मेयर, उपमेयर, कार्यकारी प्रमुख, नगरसभा सदस्यहरु, सबै वडाका वडाध्यक्षहरु, वडा सचिवहरु, प्राविधिक प्रमुखहरु, स्वास्थ्य शाखा प्रमुखहरु, स्वास्थ्य शाखा प्रमुख लगायत पत्रकार/संचारकर्मीहरु समेत १०५ जनाको उपस्थितिमा भ्रष्टाचार नियन्त्रण सम्बन्धी स्थानिय तहस्तरीय अन्तरक्रिया/गोष्ठी कार्यक्रम सम्पन्न भयो ।

<u>माननीय आयुक्तको उपस्थितिमा बुढानिलकण्ठमा स्थानीय तहस्तरीय गोष्ठी</u>

आयोगका माननीय आयुक्त डा. सावित्री थापा गुरुङज्यू र आयोगका श्रीमान् सचिव श्री महेश्वर न्यौपानेको उपस्थितिमा मिति २०७६/०१/२३ गते गोल्फुटार रोडस्थित किङ्गस फूड क्याफे एण्ड ब्याङ्कवेटमा बूढानिलकण्ठ नगरपालिकाका मेयर, उपमेयर, कार्यकारी प्रमुख, नगरसभा सदस्यहरु, सबै वडाका वडाध्यक्षहरु, वडा सचिवहरु, प्राविधिक प्रमुखहरु, स्वास्थ्य शाखा प्रमुखहरु, स्वास्थ्य शाखा प्रमुख लगायत पत्रकार/संचारकर्मीहरु समेत ८५ जनाको उपस्थितिमा भ्रष्टाचार नियन्त्रण सम्बन्धी गोष्ठी/अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

<u>माननीय आयुक्तको उपस्थितिमा बाग्लुङ्ग, म्याग्दी र मुस्ताङमा स्थानीय तहस्तरीय गोष्ठी</u>

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराको आयोजनामा माननीय आयुक्त डा. सावित्री थापा गुरुङको प्रमुख आतिथ्यमा २०७६ साल बैशाख ११, १२ र १३ गते क्रमशः बाग्लुङ्ग, म्याग्दी र मुस्ताङ जिल्लामा "भ्रष्टाचार विरुद्धको सहकार्य: सुशासनका लागि अपरिहार्य" विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

जिल्ला समन्वय समितिका पदाधिकारी/कर्मचारीहरु, नगरपालिका/गाउँपालिका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र वडाध्यक्षहरु, कार्यालय प्रमुखहरु, सुरक्षा निकायका प्रमुहरु, सञ्चारकर्मी, नागरिक समाजका प्रतिनिधिहरु लगायतको उपस्थिति थियो।

माननीय आयुक्त डा. सावित्री थापा गुरुङले मन्तव्यका क्रममा उठेका जिज्ञासाहरुको सम्बोधन गर्नुहुदै आफ्नो अधिकारको प्रयोग गरी भ्रष्टाचार नियन्त्रणमा सहकार्य गर्न स्थानीय तहका प्रमुख÷उपप्रमुख तथा समस्त कर्मचारी वर्गलाई सुझाव दिनुभएको थियो।

माननीय आयुक्तको उपस्थितिमा इलाम र पाँचथरमा स्थानीय तहस्तरीय गोष्ठी

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीको आयोजनामा माननीय आयुक्त डा. सावित्री थापा गुरुङको प्रमुख आतिथ्यमा मिति २०७६/०३/१८ मा इलाम जिल्लाको माइ नगरपालिकास्थित रेडक्रस भवनमा र मिति २०७६/०३/२० मा पाँचथर जिल्लाको फिदिम स्थित उद्योग वाणिज्य संघको भवनमा प्रमुख जिल्ला अधिकारी, वन डिभिजन प्रमुख, सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष, सचिव, कोषाध्यक्ष लगायतका पदाधिकारीहरु, पत्रकार/संचारकर्मीहरुको सक्रिय सहभागिता अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। इलाम जिल्लाको कार्यक्रममा १६१ जनाको सहभागिता थियो भने पाँचथर जिल्लामा १८३ जनाको सहभागिता रहेको थियो।

माननीय आयुक्तको उपस्थितिमा दाङ र बाँकेमा स्थानीय तहस्तरीय गोष्ठी

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय आयुक्त डा. सावित्री थापा गुरुङको विशेष उपस्थिति, बुटवलका कार्यालय प्रमुख सहसचिव तारानथ अधिकारीको अध्यक्षता र बाँकेका प्रमुख जिल्ला अधिकारी, कार्यालयका प्रमुख, नगरपालिका प्रमुख उपप्रमुख, गाउँपालिका अध्यक्ष/उपाध्यक्ष, वडाध्यक्षहरु, नागरिक समाजका प्रतिनिधिहरु, सुरक्षा निकायका प्रमुखहरु लगायत १३० जनाको सहभागितामा मिति २०७६/०३/२९ मा नेपालगंजमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो।

त्यसैगरी, दाङको घोराहीमा मिति २०७६/०३/३० गते माननीय आयुक्त डा. सावित्री थापा गुरुङको विशेष उपस्थिति, बुटवलका कार्यालय प्रमुख सहसचिव तारानथ अधिकारीको अध्यक्षता र दाङका प्रमुख जिल्ला अधिकारी, कार्यालयका प्रमुख, नगरपालिका प्रमुख उपप्रमुख, गाउँपालिका अध्यक्ष/उपाध्यक्ष, वडाध्यक्षहरु, नागरिक समाजका प्रतिनिधिहरु, सुरक्षा निकायका प्रमुखहरु लगायत १२५ जनाको सहभागितामा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो।

वडाध्यक्षहरुसँग अन्तर्क्रिया

धनुषा

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय आयुक्त डा. गणेशराज जोशीको विशेष उपस्थिति र धनुषाका जिल्ला समन्वय प्रमुख, जनकपुर नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुखहरु, जिल्ला समन्वय अधिकारी, नागरिक निगरानी मञ्चका अध्यक्ष तथा जिल्ला भरीका गाउँ/नगरपालिकाका वडाका वडाध्यक्षहरुको सहभागितामा मिति २०७६/०१/२७ गते भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो।

सर्लाही

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता सहसचिव प्रदीपकुमार कोइराला र आयोगको बर्दिबास कार्यालयका प्रमुख सहसचिव शिवराम न्यौपानेको उपस्थिति र सर्लाहीका जिल्ला समन्वय प्रमुख, नगरपालिकाका प्रमुख, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुखहरु, जिल्ला समन्वय अधिकारी, पत्रकार तथा जिल्ला भरीका गाउँ/नगरपालिकाका वडाका वडाध्यक्षहरुको सहभागितामा मिति २०७६/०१/२६ गते भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो।

सिराहा

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासका प्रमुख सहसचिव शिवराम न्यौपानेको उपस्थिति र सिराहाका जिल्ला समन्वय प्रमुख, नगरपालिकाका प्रमुख, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुखहरु, जिल्ला समन्वय अधिकारी, पत्रकार तथा जिल्ला भरीका गाउँ/नगरपालिकाका वडाका वडाध्यक्षहरुको सहभागितामा मिति २०७६/०२/१५ गते भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो।

सिन्धुली

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासका प्रमुख सहसचिव शिवराम न्यौपानेको उपस्थिति र सिन्धुलीका जिल्ला समन्वय प्रमुख, नगरपालिकाका प्रमुख, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुखहरु, जिल्ला समन्वय अधिकारी, पत्रकार तथा जिल्ला भरीका गाउँ/नगरपालिकाका वडाका वडाध्यक्षहरुको सहभागितामा मिति २०७६/०२/२० गते भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो।

श्रीमान् सचिवको उपस्थितिमा लमजुङ र मनाङमा स्थानीय तहस्तरीय गोष्ठी

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका श्रीमान् सचिव महेश्वर न्यौपानेको विशेष उपस्थितिमा मिति २०७६/१/३० मा लमजुङमा र मिति २०७६/१/३१ मा मनाङमा "भ्रष्टाचार विरुद्धको सहकार्य: सुशासनका लागि अपरिहार्य" विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। जिल्ला समन्वय प्रमुख, नगर/गाउँ पालिकाका प्रमुख/अध्यक्षहरु, वडाध्यक्षहरु, प्रमुख प्रशासकीय अधिकृत, कार्यालयका प्रमुख, सुरक्षा निकायका प्रमुख, संचारकर्मी, नागरिक समाजका प्रतिनिधि लगायत लमजुङको कार्यक्रममा ११४ जना तथा मनाङको कार्यक्रममा ४५ जनाको सहभागिता रहेको थियो।

आयोगको कार्यालय बुटवलद्वारा बर्दियामा संचालित अन्तर्क्रिया कार्यक्रम

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलले मिति २०७६/०२/२८ गते बर्दिया जिल्लाको गुलरियामा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन सम्बन्धी सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको छ। सो कार्यक्रममा बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी जिल्ला स्थित सम्पुर्ण सरकारी कार्यालयका प्रमुहरु, सुरक्षा निकायका प्रमुखहरु, स्थानीय तहका प्रमुख एवं प्रतिनिधि, जिल्ला उद्योग वाणिज्य संघ बर्दियाका अध्यक्ष, नागरिक समाजका अध्यक्ष एवं प्रतिनिधिहरु, भ्रष्टाचार विरुद्ध अभियान संचालन गर्ने गै.स.स. का प्रतिनिधिहरु, पत्रकार महासंघका प्रतिनिधिहरु, पत्रकार महासंघका प्रमुख, पत्रकारहरु तथा अन्य सरोकारवालाहरु समेत १३० जनाको उपस्थिति रहेको थियो।

## (ग) आयोगको कार्यालयहरुबाट सामुदायिक शिक्षा कार्यक्रम सम्पन्न

कञ्चनपुर कार्यालय

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कञ्चनपुरको आयोजनामा डडेल्धुरा, कैलाली, बैतडी र दार्चुला जिल्लाका देहायवमोमिका स्थानमा सामुदायिक शिक्षा कार्यक्रम सम्पन्न भएको छ।

| मिति | जिल्ला | विद्यालय | सहभागि संख्या |
|---|---|---|---|
| २०७६/०१/१० | डडेल्धुरा | श्री सिद्धनाथ मा.वि., परशुराम न.पा. | ११६ |
| २०७६/०१/२५ | कैलाली | श्री मोहन्याल मा.वि., भजनी | ८६ |
| २०७६/०२/०३ | बैतडी | श्री मणिलेक मा.वि., काँडा | ८० |
| २०७६/०२/०५ | दार्चुला | श्री शंकरपुर मा.वि., पस्ती | ९१ |

सुर्खेत कार्यालय

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतले सुर्खेत जिल्लास्थित लेकबेंसी नगरपालिका, कल्याण स्थित सरस्वती माध्यमिक विद्यालयमा मिति २०७६/०३/०१ गतेका दिन "भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन सम्बन्धी विद्यालयस्तरीय अनुशिक्षण कार्यक्रम" संचालन गरेको छ। उक्त कार्यक्रममालेकबेंसी नगरपालिका, सुर्खेतका नगरप्रमुख श्री गगन सिं सुनार, उप–प्रमुख श्री शान्ति कुमारी छन्तेल, नगर शिक्षा प्रमुख श्री पहलमान अधिकारी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री देवबहादुर वली, लेकबेंसी नगरपालिका ६ नं. वडा अध्यक्ष श्री भिमसेन पुन, सरस्वती मा.वि.का प्रधानाध्यापक श्री नारायणदत्त तिवारी, शिक्षक तथा विद्यार्थीहरु समेत गरी ९६ जनाको सहभागिता रहेको थियो।

नेपालगञ्ज कार्यालय

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलको सम्पर्क कार्यालय, नेपालगञ्जको आयोजनामा मिति २०७६/०२/३१ गते दाङ्ग जिल्लाको श्री जनता माध्यमिक विद्यालय, हंसपुर, बबई गा.पा. – ३, दाङ्गमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवद्र्धन सम्बन्धी कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री चुर्ण बहादु राना, बबई गा.पा. ३ नं. वडाका वडाध्यक्ष श्री नन्दलाल वली, २ नं. वडाका वडाध्यक्ष श्री प्रेमलाल वली, बबई गा.पा. शिक्षा शाखाका प्रमुख श्री मोहनलाल दहाल र अन्य पदाधिकारी, शिक्षक, कर्मचारी र उक्त विद्यालयका कक्षा १० र १२ का विद्यार्थीहरु गरी १०९ जनाको सहभागिता रहेको थियो।

## (घ) वैदेशिक तालिम कार्यक्रममा सहभागिता

दक्षिण कोरिया

KOICA को आयोजनामा यही ५–१८ वैशाख २०७६ (18 April-1May, 2019) मा दक्षिण कोरियाको सिउलमा Use of ICT for Evidence-based Investigation विषयक तालिम कार्यक्रममा आयोगमा कार्यरत १२ जना अनुसन्धान अधिकृतहरुलाई सहभागी हुने अवसर प्राप्त भयो। सहभागी टोलीको नेतृत्व आयोगका सहसचिव रामकृष्ण सापकोटाले गर्नुभएको थियो।

सहभागहीहरुलाई तथ्यमा आधारित अनुसन्धानका क्रममा सूचना प्रविधिको उपयुक्त प्रयोग कसरी गर्ने भन्ने ध्येयले तालिमका क्रममा Investigative Interview and Statement of Evidence, Evidence

Management by Using ICT, Social Network Analysis for Criminal Intelligence लगायतका विषयमा जानकारी दिइएको थियो।

सूचना प्रविधिको कार्यालयमा व्यावहारिक प्रयोग दक्षिण कोरियाली निकयमा कसरी गरिंदो रहेछ भनेर KNPA KICS Operations Section, KNPA Digital Forensic Center, Yong-San Poolice Station जस्ता स्थलहरुको अवलोकन गराइएको थियो। तालिमको अन्त्यमा, सहभागीहरुबाट Action Plan तयार गरी त्यसको प्रस्तुति गरिएको थियो।

थाइल्याण्ड

आयोगमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने क्रममा विगतका वर्षहरुमा जस्तै यस वर्ष पनि थाइल्याण्डको Asian Institute of Technology (AIT), Thailand मा मिति २–११ जून, २०१९ (जेठ १९–२८, २०७६) सम्म Governance and Anti-Corruption: The Methods and Tools behind an Effective Corruption Eradication Strategy विषयक तालिम आयोगमा कार्यरत सहसचिवदेखि शाखा अधिकृतसम्मका जम्मा २१ जना अनुसन्धान अधिकृतहरुलाई प्राप्त भयो। सहभागी टोलीको नेतृत्व आयोगको टंगाल कार्यालयका प्रहरी नायब महानिरीक्षक ठाकुर प्रसाद ज्ञवालीले गर्नुभएको थियो।

तालिममा भ्रष्टाचार र सुशासनसम्बन्धी विभिन्न सैद्धान्तिक र व्यवहारिक पक्षहरुबारे प्रस्तुति भएको थियो। थाइल्याण्डमा भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न अबलम्बन गरिएका प्रयासहरुका बारे जानकारी लिनेदेखि लिएर थाइल्याण्डमा भ्रष्टाचारविरुद्ध कार्यरत विभिन्न निकायहरुको तालिममा सहभागीहरुले स्थलगत अध्ययन भ्रमण समेत गर्नुभएको थियो।

तालिमको समापन समारोहमा आयोगका माननीय आयुक्त डा. सावित्री थापा गुरुङले तालिममा सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्नु भएको थियो। समापन कार्यक्रममा आफ्नो मन्तव्य राख्ने क्रममा वहाँले AIT लातालिमको सफलतापूर्वक आयोजना गरेकोमा धन्यवाद दिंदै आयोग र AIT को सहकार्य र सम्बन्ध आगामी दिनहरुमा अझ प्रगाढ हुँदै जाने विश्वास व्यक्त गर्नुभयो। सहभागीहरुले तालिमका क्रममा सिकेका सिप, ज्ञान र अनुभव आफ्नो कार्यसम्पादनमा दर्शाउने अपेक्षा आयोगले राखेको धारणा व्यक्त गर्नुभयो। समापन कार्यक्रममा माननीय आयुक्तका साथ आयोगका सहसचिव प्रदीपकुमार कोइराला समेत सहभागी हुनुहुन्थ्यो।

मलेसिया

आयोगमा कार्यरत अनुसन्धान अधिकृतहरुको क्षमता अभिवृद्धि गर्ने सिलसिलामा Malaysian Anti-Corruption Agency (MACA) को आयोजनामा मलेसियाको क्वालालम्पुरमा मिति १८–२७ जून, २०१९ (अषाढ ३–१२, २०७६) सम्म Training on Anti-Corruption for CIAA Officers विषयक तालिम आयोगमा कार्यरत सहसचिवदेखि लिएर शाखा अधिकृतसम्मका २१ जना अनुसन्धान अधिकृतहरुलाई प्राप्त भयो। सहभागी टोलीको नेतृत्व आयोगका सहसचिवहरु द्वय शिवराम न्यौपाने र हुमकला पाण्डेले गर्नुभएको थियो।

